# त्रिभुवन विश्वविद्यालय

## व्यवस्थापन संकाय

परीक्षा नियन्त्रण महाशाखा)

डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल।

टेलिफोन : ०१-४३३०८१८, ०१-४३३२७१८, ०१-४३३५९८७ (परीक्षा)
०१-४३३६६०६ (परीक्षा), ०१-५९०७९२७ (थेसिस)
E-mail : fomdean@gmail.com, info@fom.tu.edu.np
: exam.mgmt.tu@gmail.com, mgmtdean.exam@gmail.com
Website : www.fomecd.edu.np, www.tudoms.org


Faculty of Management Office of the Dean Kirtipur

मितिः- २०८१।१०।२०

## MBS तथा MPA कार्यक्रमको चौथोसत्रको परीक्षा फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयबाट सेमेष्टर प्रणालीमा सञ्चालित Master of Business Studies (MBS) र Master of Public Administration (MPA) कार्यक्रममा २०७९ साल (सन् २०२३) मा भर्ना भएका परीक्षार्थीहरुको चौथोसत्रको नियमित र सन् २०२० देखि सन् २०२२ भर्ना समुहमा उल्लेखित कार्यक्रममा भर्नाभई चौथोसत्रको नियमित परीक्षामा सामेलभै अनुर्तिण वा अनुपस्थित भएका आंशिक परीक्षार्थीहरु (नियमित परीक्षाको आंशिक परीक्षार्थी) समेतको चौथोसत्रको नियमित परीक्षा मिति **२०८१ साल चैत्र महिनाको दोश्रोसातादेखि** संचालन हुने भएकोले आफू सम्मिलित हुन चाहेको विषयहरु स्पष्ट उल्लेखगरी परीक्षा फर्म सम्बन्धित क्याम्पस/कलेजमा मिति २०८१।११।११ गतेभित्र र सम्बन्धित क्याम्पस / कलेजहरुले उक्त परीक्षा फारम मिति २०८१।११।१५ गतेभित्र यस परीक्षा नियन्त्रण महाशाखामा तपशिल बमोजिमको आवश्यक शूल्क सहित अनिवार्य रुपमा उपलब्ध गराउन सम्वन्धित् क्याम्पस / कलेजहरुलाई यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

उल्लेखित कार्यक्रमको **त्रि. वि. सेवाशूल्क बाहेकको** परीक्षा फाराम शूल्क मात्र

**नियमित परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति सत्र : रु १५००।-

**आंशिक परीक्षा शूल्कः** प्रति विद्यार्थी प्रति विषय : रु ३००।-

**विलम्ब शूल्क :** मिति २०८१।११।१२ देखि २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु ५००।-, दोश्रो २ दिन सम्म प्रति विद्यार्थी प्रतिसत्र रु १,०००।- र त्यसपछिको २ दिनसम्म अन्तिमपटक प्रति विद्यार्थी प्रतिसत्र रु २,५००।- रहेको छ।

म्यादनाघी वा रीत नपुगी प्राप्त फाराम उपर कुनै कारवाही हुने छैन साथै उक्त परीक्षाको बिस्तृत परीक्षा तालिका पछि प्रकाशित गरिने छ।

**नोटः**

(क) *नियमित परीक्षार्थिहरुको हकमा तेश्रोसत्रको Result Ledger / Grade Sheet / Admit Card को फोटोकपी र आंशिक परीक्षार्थीहरुको हकमा चौथोसत्रको नियमित परीक्षाको Grade Sheet को प्रतिलिपि अनिवार्यरुपमा परीक्षाफारम सँगैं संलग्न गर्नुपर्नेछ अन्यथा उक्त परीक्षार्थीको परीक्षा फाराम स्विकृत गरीने छैन।*

(ख) *परीक्षा फाराममा विषय सच्चाईएको पाईएमा सो परीक्षाफारम रद्द गरिनेछ र सोको जिम्मेवारी स्वयम् विद्यार्थी हुनेछ।*

(ग) *परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्कनको List** परीक्षा फाराम संगै संलग्न गरि सो प्राप्ताङ्क परीक्षा फर्ममा समेत उल्लेख गर्नु पर्नेछ। **आन्तरिक मुल्याङ्कन उल्लेख नभएका परीक्षा फाराम स्विकृत गरीने छैन।***

(घ) *परीक्षार्थीहरुको **आन्तरिक मुल्याङ्कनको List** यस संकायको email id: mgmtdean.exam@gmail.com मा Excel file format मा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।*

(ङ) *परीक्षा फारम यस संकायको परीक्षा नियन्त्रण महाशाखाबाट उपलब्ध हुनेछ अन्यथा www.fomecd.edu.np बाट Download गरि Legal size paper मा print गरि भर्न सकिनेछ।*

(च) *परीक्षाशुल्क व्यवस्थापन संकाय, त्रि. वि. कीर्तिपुरको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखाको च.हि.नं. ०४५-००१-००००९०६६००००१ मा जम्मा गरी **कार्यक्रम र सत्र अनुसारको छुट्टाछुट्टै सक्कल भैचर** परीक्षा फाराम संगै संलग्न हुनुपर्नेछ।*

डा. श्रीकृष्ण खरेल
सहायक डीन